## राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिको ७४औं बैठक (२०७४/०४/१५) का निर्णयहरु

१. निजी आवास पुनर्निर्माणको लागि अनुदान सम्झौता भई घर पुनर्निर्माण निर्माण शुरु गरेको संख्या कम रहेको सन्दर्भमा लाभग्राहीहरुबाट घर पुनर्निर्माणको कार्यमा तीब्रता दिने उद्देश्यले राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिबाट सिफारिश भए अनुसारको भूकम्प प्रभावित ३१ जिल्लामै निजी आवास पुनर्निर्माणको लागि समय सीमा तोकी थप अभियानको रुपमा कार्यक्रम सञ्चालन गर्न प्राधिकरणलाई निर्देशक समितिको दसौं बैठकले निर्देशन दिएकोले उक्त अभियानलाई सफल बनाउन निजी आवास पुनर्निर्माणका लागि निजी घरधनीहरुले तोकिएको समय सीमाभित्र पुनर्निर्माण कार्यलाई तीव्रता दिन प्राधिकरणका जिल्ला समन्वय समितिको सचिवालयमार्फत प्रभावकारी रुपमा अभियान संचालन गर्ने।

२. पुनर्निर्माणको कार्यमा तीब्रता ल्याउन राष्ट्रिय पुनर्निर्माण प्राधिकरण वा अन्तर्गतका १४ जिल्लाहरुको दरबन्दी संरचनमा हेरफेर एवं भूकम्पवाट कम प्रभावित १७ जिल्लाहरुमा थप ८ वटा कार्यालय स्थापना गर्न जरुरी देखिएको र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण निर्देशक समितिको मिति २०७४/०३/२८ को निर्णयवाट निर्देशन समेत प्राप्त भएकोले राष्ट्रिय पुनर्निर्माण प्राधिकरण केन्द्रीय कार्यालय एवं भूकम्पवाट प्रभावित १४ जिल्लाको दरबन्दी संरचनामा हेरफेर गर्ने र भूकम्पवाट कम प्रभावित १७ जिल्लाहरु हेर्ने गरी निर्देशक समितिमा निर्णय भए बमोजिम थप ८ (तनहुँ, लम्जुङ, सोलुखुम्बु, चितवन, स्याङ्जा, बाग्लुङ, धनकुटा र गुल्मी) वटा कार्यालय स्थापना गर्ने ।

३. भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण गर्नका लागि विभिन्न केन्द्रीय आयोजना कार्यान्वयन इकाई एवं आयोजना समन्वय इकाईहरुमा गत आ.व. २०७३।७४ मा स्वीकृत भएको अस्थायी दरबन्दीमा आवश्यकता अनुसार नवीकरण, पदपूर्ति र व्यवस्थापन गर्न निर्देशक समितिले प्राधिकरणलाई निर्देशन दिएकोले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शिक्षा मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गतका केन्द्रीय आयोजन कार्यान्वय इकाई (पर्यटन बिभाग वाहेक) र स्वास्थ्य मन्त्रालय अन्तर्गतको आयोजना समन्वय इकाईको दरबन्दी नवीकरण, पदपूर्ति र व्यवस्थापनका लागि सम्बन्धित इकाईहरुलाई निर्देशन दिने ।

४. २०७२ साल वैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यस पछिका परकम्पहरुबाट क्षति पुगेका परम्परागत एवं सांस्कृतिक मूल्य र मान्यता बोकेका सम्पदा बस्तीहरुको संरक्षण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्य ज्यादै जटिल प्रकृतिको हुने हुँदा त्यसलाई सम्बोधन गर्नु पर्ने आवश्यकता भएकोले निर्देशक समितिको दसौं बैठकको निर्देशन बमोजिम साँखु, बुङ्गमति, खोकना, गोरखा दरबार सम्पदा क्षेत्र, नुवाकोट दरबार सम्पदा क्षेत्र एंव दोलखा भीमेश्वर मन्दिर क्षेत्रभित्र रहेका सम्पदा बस्तीमा करिब ३००० भूकम्पपीडित लाभग्राहीहरु रहेकोमा निजहरुले प्राचीन सम्पदा वस्तीको पुरानो स्वरुप झल्कने

सचिव

सचिव

गरी निजी आवास पुनर्निर्माण गरेमा त्यस्ता लाभग्राहीहरुलाई स्थानीय तहको सिफारीसको आधारमा पुनर्निर्माण सम्पन्न भएपछि रु. ५०,०००।-(पचास हजार रुपैयाँ) प्रति लाभग्राही थप अनुदान उपलब्ध गराउन नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश गर्ने।

५. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन इकाईको प.स. ०७४/०७५ च.न. १, मिति २०७४/०४/०१ को पत्रसाथ सोलुखुम्बु र लम्जुङ्ग जिल्लाका संलग्न सूची बमोजिम ५,१२५ जना लाभग्राहीहरुको नामावली स्वीकृत गरी सो अनुरुप सम्बन्धित गाँउपालिका एंव नगरपालिका तथा वडा कार्यालयहरुमा नामावली प्रकाशन गर्ने व्यवस्था मिलाउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन इकाईलाई निर्देशन दिने ।

६. विविध

क. निजी आवास पुननिर्माणसँग सम्बन्धित व्यवस्थापकीय सूचना प्रणाली (MIS)बाट पुनरावलोकन भई आएका तथा केन्द्रीय गुनासो व्यवस्थापन समितिको मिति २०७४।०४।१२ को बैठकको निर्णयानुसार स्वीकृतिको लागि सिफारीस भई आए बमोजिमका देहाय बमोजिमका गुनासोको सूचीलाई फर्छ्यौट गर्ने ।

तपशिल

| लाभग्राही सूचीमा पर्ने | सर्वेक्षण गर्नुपर्ने | स्थलगत निरीक्षण गर्नुपर्ने | लाभग्राही सूचीमा नपर्ने (स्थलगत निरीक्षणबाट स्पष्ट हुनुपर्ने) | जम्मा |
|---|---|---|---|---|
| ३९५९ | ६४३६ | ६२४ | ५५६४ | १६५८३ |

सचिव

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिको ७५औं बैठक (२०७४/०४/१६) का निर्णयहरु

१. कार्यकारी समितिमा प्रस्तुत हुने प्रस्तावहरु एवं बैठकबाट निर्णय लिने सम्बन्धमा अपनाउने प्रकृया तयार गरी पेश गर्न कार्यकारी समितिद्वारा कार्यकारी समिति सदस्य श्री ध्रुवप्रसाद शर्माको संयोजकत्वमा गठित कार्यटोलीले पेश गरेको प्रतिवेदन उपर छलफल भई परिमार्जनसहित संलग्न प्रक्रिया स्वीकृत गर्ने।

२. भूकम्पीय प्रकोपको कारणवाट क्षतिग्रत स्वास्थ्य संस्थाहरुका भवनको पुनर्निर्माण कार्यलाई ठोस गति प्रदान गर्ने प्रयोजनका लागि स्वास्थ्य मन्त्रालय अन्तर्गत आयोजना समन्वय ईकाइद्वारा प्रस्तावित स्वास्थ्य भवन पुनर्निर्माण कार्यविधि, २०७४ स्वीकृत गर्ने ।

३. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण निर्देशक समितिको २०७४।३।२८ निर्णय नं. ३(ख) कार्यान्वयन गर्ने सिलसिलामा सहरी विकास मन्त्रालय अन्तर्गत केन्द्रीय आयोजना कार्यान्वयन इकाईसँग संलग्न सूची बमोजिमको संख्यामा ईन्जिनियर/सब-ईन्जिनियर/असिस्टेन्ट सव-ईन्जिनियर सम्बन्धित गा.पा./न.पा.मा खटाउन र नविकरणका लागि ७(सात) दिनभित्र यस प्राधिकरणमा पेश गर्न पत्राचार गर्ने।

४. स्थानीय तह(गा.पा./न.पा.)मा खटाइएका इन्जिनियरहरुको तलव भत्ता सुविधाको रकम राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत जिल्ला समन्वय समितिको सचिवालयमा पठाउने। साथै ईन्जिनियरहरुको तलव भत्ता सुविधा गा.पा./न.पा.को सिफारीसमा जिल्ला समन्वय समितिको सचिवालयले उपलब्ध गराउने ।

५. निजी आवास अनुदान प्राप्तिका लागि स्वीकृत भुक्तानीका लागि गा.पा./न.पा.मा खटिएका ईन्जिनियरको सिफारीशमा प्रक्रिया पुऱ्याई भुक्तानी दिने व्यवस्था मिलाउने । एकहप्ता भित्र नयाँ परिवर्तित सन्दर्भमा अनुकूल हुने गरी कार्यविधीहरु परिमार्जन गर्ने र दुई हप्ता भित्र प्राधिकरणले आफ्ना जिल्लास्थित समन्वय सचिवालयको क्षमता अभिवृद्धि गरी निर्देशक समितिको २०७४।३।२८ को निर्देशन कार्यान्वयन गर्ने व्यवस्था मिलाउने । यस सम्बन्धी कार्य ७ दिनभित्र सम्पादन गर्न सहसचिव श्री राजुमान मानन्धरको संयोजकत्वमा उपसचिव (कानून) श्री चन्द्रकान्त पौडेल र सि.डि.ई. श्री राजकाजी श्रेष्ठ सदस्य रहेको एक उपसमिति गठन गर्ने ।

सचिव